# स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद सम्बन्धी शोध कार्यमा सहयोग तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७५

स्वीकृत मितिः २०७५।०९।०६

**प्रस्तावनाः** खेलकुद क्षेत्रको विकास र विस्तारमा खेलकुद सम्बन्धी अध्ययन अनुसन्धानको भूमिकालाई मध्यनजर राख्दै स्नातकोत्तर तहमा खेलकुदलाई विशिष्ट विधाका रुपमा अध्ययन गर्ने विद्यार्थीहरुबाट हुने शोध कार्यलाई प्रोत्साहन गर्न नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले **"स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद सम्बन्धी शोध कार्यमा सहयोग तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७५"** तयार गरी लागु गरेको छ ।

**परिच्छेद — १**

**<u>संक्षिप्त नाम, प्रारम्भ र परिभाषा</u>**

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद सम्बन्धी शोध कार्यमा सहयोग तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) "विश्वविद्यालय" भन्नाले नेपाल सरकारको स्वीकृतीमा नेपालमा स्थापना भई अध्ययन अनुसन्धान गराउने विश्वविद्यालयहरुलाई सम्झनु पर्दछ ।

(ग) "केन्द्रीय विभाग/कार्यक्रम" भन्नाले कुनैपनि विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेका शारीरिक शिक्षा वा खेल विज्ञान अध्ययन अध्यापन र अनुसन्धान गर्ने निकाय सम्झनु पर्दछ ।

(घ) "शुल्क" भन्नाले शारीरिक शिक्षा वा खेल विज्ञान अध्ययन र अनुसन्धान गर्दा लाग्ने सबै प्रकारको शुल्कलाई सम्झनु पर्दछ ।

(ङ) "शोधपत्र" भन्नाले शारीरिक शिक्षा वा खेल विज्ञान अध्ययन र अनुसन्धान गर्ने विद्यार्थीहरुले पाठ्यक्रममा तोकिएको पाठ्यघण्टा (Credit Hour) अनुसारको अनुसन्धान गरी तयार पार्ने शोधपत्रलाई सम्झनु पर्दछ ।

(च) "शोध कार्य" भन्नाले शारीरिक शिक्षा वा खेल विज्ञान अध्ययन र अनुसन्धान गर्ने विद्यार्थीहरुले पाठ्यक्रममा तोकिएको पाठ्यघण्टा (Credit Hour) अनुसार भए गरेका अनुसन्धानात्मक कार्यलाई सम्झनु पर्दछ ।

(छ) "विद्यार्थी" भन्नाले विश्वविद्यालयको स्नातकोत्तर तहमा अध्ययन गर्ने नियमित अध्यनरत विद्यार्थीलाई सम्झनु पर्दछ ।

## परिच्छेद — २

## छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था

३. **आवेदन तथा छनौट सम्बन्धि प्रकृया:** प्रोत्साहनका लागि विद्यार्थी छनौट गर्दा देहायको प्रकृया अपनाइने छ ।

क) सम्भावित विद्यार्थीको छनौटका लागि मन्त्रालयले राष्ट्रिय पत्रिकामा सुचना प्रकाशित गर्नेछ र सोको जानकारी विभाग वा कार्यालयलाई समेत गराउनेछ ।

ख) इच्छुक विद्यार्थीहरुले विभाग वा कार्यालयको सिफारिस सहित अनुसूचि – १ बमोजिमको ढाँचाको निवेदनसँगै अनुसूचि – २ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

ग) निवेदन दिँदा दफा ४ बमोजिमका योग्यता पुगेका विद्यार्थीहरुले निवेदन दिन सक्नेछन ।

घ) विभाग वा कार्यक्रमबाट सिफारिस भई आएका विद्यार्थीहरुमध्ये मूल्याङ्कन तथा प्रोत्साहन सम्बन्धि सिफारिस गर्न गठित समितिको सिफारिसमा प्राप्त उच्चतम अंक ल्याउने विद्यार्थीलाई छनौट गर्नेछ ।

४. **निवेदकहरुको योग्यता:** (१) स्नाकोत्तर तहमा शोध प्रस्ताव स्वीकृत भएका वा विभाग/कार्यक्रमबाट शोध प्रस्तापका लागि विषय छनौट भएको भनी सिफारिस गरेका नियमित विद्यार्थीहरु ।

(२) शोध कार्यका लागि अन्य संस्था/निकायबाट कुनैपनि सहयोग प्राप्त नगरेका विद्यार्थीहरु ।

(३) नेपाली नागरिक ।

५. **शोध कार्य प्रोत्साहनको लागि छनौटका प्राथमिकता:** स्नातकोत्तर तहमा शोध प्रस्ताव दर्ता गराएका विद्यार्थीहरुको छनौट गर्दा तपशिलको प्राथमिकताका आधारमा गरिनेछ ।

(क) स्नाकोत्तर तहमा शोध प्रस्ताव दर्ता गराएका विद्यार्थीहरु ।

(ख) शोध प्रस्ताव दर्ता गराउने अवधि पुगेका तर शोध पत्र तयार गर्ने प्रतिवद्धता, शोधको विषय छनौट सहित विभाग वा कार्यक्रम प्रमुखबाट सिफारिस भइआएका विद्यार्थीहरु ।

*पुनश्च: खण्ड (क) बमोजिमका विद्यार्थीहरु पर्याप्त भएमा खण्ड (ख) बमोजिमका विद्यार्थीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने गरी छनौट गरिने छैन ।*

६. **छनौटका आधारहरु:** (१) शोधपत्र सहयोगका लागि विद्यार्थी छनौट गर्दा विद्यार्थीको नियमितता, शोधको विषयवस्तु, स्नाकोत्तर तहको परीक्षामा प्राप्त नतिजा, शोध अध्ययन गर्ने विषयवस्तुको क्षेत्र र समावेशियता समेतलाई आधार बनाइनेछ ।

(२) छनौटका आधारहरुको अंक सहितको विस्तृत विवरण अनुसूचि -३ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **<u>छनौटका लागि सिफारिस तथा मूल्याङ्कन समिति:</u>** (१) विद्यार्थी प्रोत्साहनका लागि छनौट तथा सिफारिस गर्न देहाय अनुसारको एक सिफारिस तथा मूल्याङ्कन समिति रहनेछ ।

क) सचिव, युवा तथा खेलकुद मन्त्रालय – संयोजक

ख) सहसचिव, युवा तथा खेलकुद मन्त्रालय (खेलकुद विकास महाशाखा)

ग) कार्यकारी निर्देशक, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय, त्रि.वि.वि – सदस्य

घ) छात्रवृत्ति शाखाको शाखा प्रमुख - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य

ङ) उपसचिव, खेलकुद प्रवर्द्धन शाखा – सदस्य सचिव

(२) यस समितिले आवश्यकतानुसार खेलकुद विधा तर्फका व्यक्तिहरुलाई विज्ञ सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

( ३) समितिले आफ्नो बैठक सम्बन्धि कार्यविधि आफै तय गर्न सक्नेछ ।

८. **<u>सिफारिस तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकार:</u>**

क) निवेदन दिने विद्यार्थीहरुको मूल्याङ्कन गर्ने ।

ख) प्रोत्साहनका लागि विद्यार्थी छनौट गरी रकम सहित सिफारिस गर्ने ।

ग) आवश्यकता अनुसार सहजिकरणका लागि उपसमिति गठन गर्ने ।

९. **<u>सम्झौता:</u>**

शोध कार्यका लागि छनौट भएका विद्यार्थीहरुसँग मन्त्रालयले अनुसूचि ४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

## परिच्छेद - ३

## <u>सहयोग तथा प्रोत्साहन सम्बन्धी व्यवस्था</u>

१०. **<u>सहयोग तथा प्रोत्साहन सम्बन्धी व्यवस्था:</u>** (१) मन्त्रालयको निर्णयको आधारमा शोध कार्य वापतको सहयोग तथा प्रोत्साहन रकम छनौट भएका विद्यार्थीहरुलाई उपलब्ध गराइनेछ ।

(२) शोध कार्यको रकम शोधपत्रका विषयवस्तु आधारमा फरक-फरक हुन सक्नेछ ।

(३ शोध कार्यको सहयोग तथा प्रोत्साहन रकम शोधपत्रको विषय वस्तु, कार्य क्षेत्र र शोधकार्य प्रकृतिको आधारमा बढिमा रु. ५० हजारसम्म उपलब्ध गराइनेछ ।

(४) छनौट भएका विद्यार्थीहरुलाई दुई किस्तामा रकम निकासा गरिनेछ । सहयोग तथा प्रोत्साहनका लागि छनौट भए पश्चात प्रथम किस्ता वापत ३० प्रतिशत र सम्बन्धित

विभाग/कार्यक्रमबाट स्वीकृत भएको १ प्रति शोधपत्र प्राप्त भए पश्चात बाँकी रकम भुक्तानी दिइनेछ।

(५) कार्ययोजना अनुसार कार्य नभएमा वा तोकिएको समयमा शोधपत्र नबुझाएमा सहयोग तथा प्रोत्साहन रकम उपलब्ध गराईने छैन।

## परिच्छेद – ४

## विविधः

११. **उपसमिति गठन सम्बन्धी व्यवस्थाः** शोध कार्य छनौट तथा मूल्याङकंन र शोध कार्यमा सहयोग गर्नका लागि सम्बन्धित विश्वविद्यालयको विभाग/कार्यक्रममा शोधकार्य निर्देशक समिति गठन गर्न सकिनेछ । उक्त समितिमा मन्त्रालयको एकजना अधिकृतस्तरको प्रतिनिधि सहित शोध निर्देशकहरु सदस्यको रुपमा रहनेछन् । उक्त समितिमा आवश्यकता अनुसार २ जना विज्ञ सदस्यसमेत आमन्त्रित गर्न सकिनेछ ।

११. **अन्तिम निर्णय गर्ने अधिकारः** शोध कार्य सहयोग तथा प्रोत्साहनका लागि सिफारिस भएका विद्यार्थीहरुलाई सहयोग तथा प्रोत्साहन गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

१२. **कार्यविधिको संशोधनः** यस कार्यविधिलाई मन्त्रालयले आवश्यकता अनुसार संशोधन/परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची - १
## निवेदनको ढाँचा

विद्यार्थीको नाम /थर: ...............................................

स्थायी ठेगाना: ..........................................

जिल्ला: ......................मा.न.पा./उ.मा.न.पा./न.पा./गा.पा.: ...........................................वडा नं: .......

नागरिकता नं: .................. जारी जिल्ला: ............................

जन्म मिति: ................................... सम्पर्क नं.: ...............................

अध्ययन गरेको विश्वविद्यालय: .......................................

शैक्षिक योग्यता : स्नातकोत्तर तहमा हासिल गरेको शैक्षिक योग्यता विवरण

| क्र.सं. | शैक्षिक वर्ष/सेमेष्टर साल | पहिलो वर्ष/सेमेष्टर GPA% | दोस्रो वर्ष/सेमेष्टर GPA% | तेस्रो सेमेष्टर GPA% |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

शोध प्रस्तावको विषय:.......................................................................................

शोध निर्देशकको नाम/थर: .................................................

शोध निर्देशकको सम्पर्क नं.: .............................

शोधपत्र प्रतिवेदन बुझाउने संभावित अन्तिम मिति: ...........................

मैले तोकिएको समयमा आफ्नो कार्य सम्पादन गरी बुझाउने छु । सो गर्न नसकेमा वा माथि लेखिएका विवरण झुटो ठहरे कानुन बमोजिम सहुँला/बुझाउँला ।

हस्ताक्षर: ...........................

मिति: .............................

## अनुसूची - २

## निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन

२. सम्बन्धित विभाग/कार्यक्रम प्रमुखको सिफारिस ।

३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

४. शोधपत्रको स्वीकृत प्रस्ताव प्रति

५. पछिल्लो पटक प्राप्त गरेको शैक्षिक लब्धाङ्क पत्रको प्रतिलिपी ।

६. सम्बन्धित शोध कार्यका लागि अन्य संस्था/निकायबाट कुनै पनि सहयोग प्राप्त नभएको, सोही कार्यमा अन्य संस्था/निकायबाट सहयोग नलिने र निर्धारित समयमा कार्य सम्पन्न गर्ने प्रतिवद्धता पत्र ।

७. नियमित अध्ययनरत भए/नभएको संबन्धित क्याम्पसबाट प्रमाणित भएको पत्र ।

## अनुसूची - ३

## प्राथमिकताका आधारहरु (पूर्णाङ्क ५०)

१. आवेदक नियमित अध्ययनरत भए **१० अङ्क**, अनियमित भए ७ अङ्क प्रदान गर्ने ।

२. शोधपत्रको विषायवस्तु खेलकुदसंग सान्दर्भिक भएमा **१० अङ्क,** नभएमा ० अङ्क

३. शेध गर्न चाहेको स्थान गाँउपालिका भए **५ अङ्क,** नगरपालिका भए ४ अङ्क, र महान र उपमहागरपालिका भए ३ अङ्क प्रदान गरिनेछ ।

४. अघिल्लो बोर्ड परीक्षामा प्राप्त गरेको शैक्षिक नतिजा प्रथम श्रेणी भएमा **१० अङ्क,** द्वितिय श्रेणी भएमा ७ अङ्क र तृतिय श्रेणी भएमा ५ अङ्क ।

५. समावेशीकरणको सिद्वान्त अनुसार कुल **५ अङ्क** नबढ्ने गरी महिला १ अङ्क, आदिबासी/जनजाती १ अङ्क, मधेसी समुदाय १ अङ्क, पिछडिएको क्षेत्र १ अङ्क र दलित वर्ग भएमा १ अङ्क ।

**६.** अन्तरवार्ता तथा शोधपत्र प्रस्तावको प्रस्तुतीकरण **१० अङ्क**

**अनुसूची - ४**

**सम्झौता-पत्र**

युवा तथा खेलकुद मन्त्रालय

र..............................................................................................(सम्बन्धित विश्वविद्यालय) मा स्नातकोत्तर तह ...................................... वर्षमा अध्ययनरत.................................... (विद्यार्थीको नाम) ले.................................................. (शोध शिर्षक) मा आधारित भै शोधकार्य गर्न "स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद सम्बन्धी शोध कार्यमा सहयोग तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७५" अनुसार देहायको सर्तनामा अनुसार यो सम्झौता गरिएको छ ।

देहाय :

१. शोधकार्य तोकिएको शिर्षकमा आधारित भै तोकिएको समय भित्र सम्पन्न गरी पेश गर्नेछु ।

२. शोधकार्य बापत शोधकार्यका लागी उपलब्ध गराइने प्रोत्साहन रकम रु............. (अक्षरुपी) ...................................... उपलब्ध गराइनेछ ।

३. समयमा शोधकार्य सम्पन्न नगरेमा सम्झौता बमोजिमको भुक्तानी माग गर्ने छैन र शोधकार्य बापत सम्झौता गर्दाका बखत प्राप्त गरेको रकम समेत फिर्ता गर्नेछु ।

४. मैले तोकिएको समयमा आफ्नो कार्य सम्पादन गरी बुझाउनेछु । सो गर्न नसकेमा वा माथि लेखिएको विवरण झुटो ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| नाम/थर ......................... | नाम/थर ................... |
| पद .................. | अध्ययनरत वर्ष ..... |
| युवा तथा खेलकुद मन्त्रालय | रोल नं........... |
| सिंहदरवार,काठमाडौं | सम्बन्धित विश्वविद्यालय .... |